# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/८१
चलानी नम्बर : १३४३

मितिः २०८०।१०।२९

**आगामी आ.ब. २०८१/०८२ को न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सूचना !!!**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०८०।१०।२८ गतेको पत्र अनुसार आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन इच्छुक १८ बर्ष देखि ५९ बर्ष उमेर समुहका वडाभित्र स्थायी बसोबास गर्ने बेरोजगार व्यक्तिहरुले नजिकैको वडा कार्यालयमा गई मिति २०८० फागुन १ गते देखि फागुन मसान्त सम्म आवेदन फारम पेश गर्नुहुन अनुरोध छ ।

फारम भर्दा आवश्यक पर्ने कागजातहरु:-

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. निवेदकको परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्र प्रतिलिपी (छुट्टिएर अलग बसेका सदस्य र विवाह भएर गईसकेको सदस्यको आवश्यक नपर्ने)
३. निवेदकको परिवारका सदस्यहरु मध्ये नागरिकता नबनाइसकेका सदस्यहरुको हकमा उनीहरुको जन्मदर्ता प्रतिलिपी
४. निवेदकको पासपोर्ट साइजको फोटो एक प्रति

पुनश्चः गत आ.ब. मा फारम भरेका तथा नविकरण गरेका व्यक्तिले समेत पुनः फारम भर्नुपर्नेछ ।सम्पूर्ण प्रास आवेदनहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System-EMIS) रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र कार्यान्वयन प्रक्रिया अगाडी बढाइने भएकोले फारममा भएका सम्पुर्ण तथ्याङ्क अनिवार्य र पूर्ण रुपमा नभरेको खण्डमा सो आवेदन उपर कुनै कामकारबाही अगाडी बढाउन नसकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत